# गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री ईन्दिरा तिवारी ज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७६।०७७ को बजेट बक्तव्य

**सभाध्यक्ष महोदय,**

शहिद लखन गाउँपालिकाको आगामी आ.व. २०७६।०७७ को बजेट यस सम्मानित गाउँ सभा समक्ष पेश गर्न पाउँदा गौरवान्वित भएको छु ।

यस महत्वपूर्ण अवसरमा सर्वप्रथम राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र, गणतन्त्र, संघीयता तथा सामाजिक न्याय र परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, सशस्त्र विद्रोह र संघर्ष लगायत सम्पूर्ण प्रकारका त्याग र बलिदानका गौरवपूर्ण गाथालाई स्मरण गर्दै, सबै घाइते, बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिकप्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

नेपाल सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, यस गाउँसभाबाट आगामी आ.व.को लागि पारित यस गाउँपालिकाको नीति तथा कार्यक्रमलाई बजेटको आधार मानेको छु । साथै, विज्ञ सल्लाहकार समूहबाट प्राप्त हुन आएको अमूल्य सुझाव,विभिन्न राजनैतिक दल र विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएको महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा ध्यान दिएको छु ।

संघीय सरकार, गण्डकी प्रदेश सरकारसँग गरिने साझेदारी लगानी, योजना निर्माण र कार्यान्वयनमा एकरुपता कायम गर्न विशेष ध्यान दिएको छु। सबै प्रकारका विभेद, वहिस्करण, उत्पीडन, वञ्चितीकरण र असमानताको अन्त्य गर्नको लागि समन्यायिक वितरण र पुनर्वितरणका माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण हुने गरी बजेट विनियोजन गरेको छु ।

बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको समन्वयमा उपलब्ध स्रोत र साधनको उपयोग, राजश्व परामर्श समितिको सुझाव, बजेट स्रोत निर्धारण समितिको सुझाव, र विभिन्न विषयगत समितिहरुको सुझावलाई ध्यानमा राखी चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिवर्तन गरी समावेशी रुपमा आर्थिक वृद्धि हुने तरिकाले बजेट विनियोजन गरेको छु ।

गाउँपालिकाको आन्तरिक राजश्वको आधार कमजोर रहेकोले संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मूल आधार मानी बजेट तर्जुमा गरेको छु। गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्रको कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु।कार्यक्रमको छनौट, स्रोत साधनको बाँडफाडमा देखिने दोहोरोपनलाई न्यूनिकरण गर्दै कुनै क्षेत्रमा स्रोतमा अधिकता वा न्यूनताको अवस्था नरहने गरी विनियोजमा सन्तुलन कायम हुने ब्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

"शहिद लखन गाउँपालिकाको विकास र समृद्धिको द्वार, कृषि, पर्यटन र जलस्रोत मूल आधार" भन्ने नारालाई सार्थक तुल्याउन र गाउँपालिकालाई समृद्ध बनाउन कृषि, सडक, भौतिक पूर्वाधार, पर्यटन, उत्पादन वृद्धि, गरिबी न्युनिकरण र रोजगारी तथा स्वरोजगारीका अवसर अभिवृद्धि गर्दै समुन्नत गाउँपालिकाको जग बसाल्ने दिशा तर्फ बजेटलाई केन्द्रित गरेकोछु ।

**सभाध्यक्ष महोदय,**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्णय गरे अनुसार गाउँपालिकाको रु ५९ करोड ६२ लाख ५९ हजार १ सय ५८ रुपैयाँ बराबरको बजेट सीमामा रही  आगामी आर्थिक वर्षको बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदाय,**

संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान मार्फत् रु १४ करोड ६९ लाख रुपैयाँ, सशर्त अनुदान तर्फ रु १७ करोड ५० लाख रुपैयाँ र राजस्व वाँडफाँडबाट रु ८ करोड २९ लाख रुपैयाँ प्राप्त भएको छ । यसरी संघीय सरकारबाट शहिद लखन गाउँपालिकालाई कूल रु ४० करोड ४८ लाख रुपैयाँ प्राप्त हुन आएको जानकारी यस सभामा गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

गण्डकी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान मार्फत् रू. १ करोड ४० लाख ५ हजार रुपैयाँ, सशर्त अनुदान तर्फ रु १ करोड रुपैयाँ र राजस्व वाँडफाँडबाट रु ३८ लाख ८८ हजार रुपैयाँ  गरी जम्मा रु. २ करोड ६१ लाख ९३ हजार रुपैयाँ प्राप्त हुन आएको यस सभामा जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

बजेट सीमा निर्धारण समितिको बैठकले आगामी आ.व.मा रु १ करोड ४२ लाख ५० हजार रुपैयाँ बराबरको आन्तरिक आय हुने प्रक्षेपण गरेको छ । आ.व. २०७५।०७६को कार्यान्वयन हुन बाँकी योजना कार्यक्रमहरुबाट रु. ३ करोड १६ लाख १५ हजार रुपैयाँ नगद मौज्दात रहने अनुमान गरिएको छ । त्यसै गरी सडक वोर्ड नेपालबाट कच्ची सडक मर्मत सुधारको लागि रू. १२ लाख रुपैया, कृषि मूल्य श्रृङ्खला कार्यक्रमबाट रु १२ लाख रुपैया प्राप्त हुने अनुमान गरिएको छ । साथै, जल विद्युत रोयल्टी वाँडफाँड मार्फत् रु ७० लाख १ हजार १ सय अर्सठ्ठी रुपैयाँ प्राप्त हुन आउने जानकारी यस गाउँ सभामा गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, अपाङ्ग, एकल र विधुवा महिला तथा दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ताका लागि रु ११ करोड रुपैयाँ सशर्त अनुदानमा प्राप्त हुने अनुमान गरिएको यस गाउँ सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, विभिन्न विषयगत समिति एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र गाउँ कार्यपालिकाको छलफलबाट प्रस्तावित चालु खर्च तथा पूँजीगत योजना तथा कार्यक्रम स्वीकृत गरी तर्जुमा गरिएको शहिद लखन गाउँपालिकाको विनियोजन विधेयक २०७६ छलफल एवं स्वीकृतिको निम्ति यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

**चालु खर्च कार्यक्रम तर्फ**

**सभाध्यक्ष महोदय,**

- ✓ चालु खर्च तर्फ जम्मा रु ३४ करोड ९२ लाख ०२ हजार ५ सय तीस रुपैयाँ विनियोजन गरेको छु ।
- ✓ यस शहिद लखन गाउँपालिकमा कार्यरत स्थायी तथा करार कार्मचारीहरुको तलब भत्ता तथा सुबिधाको लागि रु. २ करोड ४४ लाख ६० हजार रुपैयाँ विनियोजन गरेको छु ।

- ✓ त्यसैगरी पदाधिकारीको मासिक सुबिधा र अन्य सुबिधाको लागि रु. १ करोड ६ लाख ४० हजार  रुपैयाँ विनियोजन गरेको छु ।
- ✓ कार्यालय संचालन तर्फ रु. १ करोड ९७ लाख रुपैयाँ वरावर हुने गरी विनियोजन गरिएको छ ।
- ✓ कृषि विकास कार्यक्रममा कार्यालय संचालनको लागि रु ४ लाख ५० हजार रुपैयाँ र पशु सेवा विकास कार्यक्रम तर्फ कर्मचारी तलब सुविधा र कार्यालय संचालनको लागि रु ९ लाख ८ हजार १३० रुपैयाँ विनियोज गरेको छु ।
- ✓ स्वास्थ्य सेवाका करार कार्मचारीहरुको तलब भत्ताको लागि रु ३६ लाख ४५ हजार रुपैयाँ  र शिक्षा तर्फ खेलकुद प्रशिक्षक, ई.सि.डि. सहज कर्ता, विद्यालय सहायक, सामुदायिक सिकाई केन्द्रका समाजिक परिचालक र विद्यालयका कार्यालय सहयोगीहरुको तलब भत्ताको लागि रु ४३ लाख ९९ हजार ५ सय रुपैयाँ विनियोजन गरेको छु ।
- ✓ संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानको कार्यक्रम संचालन गर्न रु. १७ करोड ५० लाख रुपैया विनियोजन गरिएको छ ।
- ✓ त्यसैगरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि रु ११ करोड रुपैयाँ खर्च हुने अनुमान गरेको छु ।

**पूँजीगत योजना कार्यक्रम तर्फ**

**सभाध्यक्ष महोदय,**

पूँजीगत योजना कार्यक्रमको लागि रु. २४ करोड ५० लाख ६ हजार ६ सय १८ रुपैयाँ विनियोजन गरेको छु ।

**अ) आर्थिक विकास**

- ✓ आर्थिक विकास तर्फ २ करोड २४ लाख ९१ हजार ८ सय सत्तरी विनियोजन गरेको छु ।
- ✓ कृषि विकास कार्यक्रम तर्फ ७० लाख रुपैया विनियोजन गरेको छु, साथै पशु सेवा कार्यक्रमको लागि रु ५० लाख ९१ हजार ८ सय सत्तरी विनियोज गरेको छु ।
- ✓ पर्यटन क्षेत्रको विकास र संभाव्यता अध्ययनको लागि रु १ करोड ४ लाख विनियोजन गरेको यस सभामा जानकारी गराउन चाहन्छु ।

**आ) सामाजिक विकास**

- ✓ सामाजिक विकास क्षेत्र तर्फ जम्मा रु ४ करोड १४ लाख ६३ हजार ५ सय रुपैया विनियोजन गरेको छु ।
- ✓ सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्धन गर्न रु २९ लाख २५ हजार रुपैया विनियोजन गरेको छु ।
- ✓ महिला दलित जनजाति अल्पसंख्यक सिमान्तकृत अपाङ्ग आदिको लागि रु रु ५४ लाख ६८ हजार रुपैयाँ विनियोजन गरेको छु ।
- ✓ शुद्ध खानेपानी तथा सरसफाइको व्यवस्थापनको लागि रु ५७ लाख १५ हजार रुपैयाँ विनियोजने गरिएको छ ।
- ✓ शिक्षा क्षेत्रको विकासको लागि रु ९० लाख ५ सय रुपैया र स्वास्थ्य सेवाको लागि रु ५० लाख ५५ हजार रुपैयाँ विनियोजन गरेको छु ।
- ✓ सामाजिक विकासका विविध क्षेत्रको विकासको लागि रु १ करोड ३३ लाख रुपैयाँ विनियोजन गरेको यस सभामा जानकारी गराउन चाहन्छु ।

**इ) पूर्वाधार विकास**

- ✓ पूर्वाधार विकास तर्फ रु १५ करोड ५६ लाख ५१ हजार १ सय ६८ रुपैया विनियोज गरेको छु ।
- ✓ गाउँपालिका क्षेत्र भित्र विद्युतिकरण गर्न र प्रसिद्ध धार्मिक स्थल मनकामना बजार क्षेत्रमा सोलार बत्ति जडान गर्नको लागि रु १७ लाख रुपैया विनियोजन गरेको छु ।

- ✓ सिंचाईको व्यवस्थापन गर्न रु २ लाख व्यवस्था गरिएको छ ।
- ✓ गाउँपालिकाको कार्यालय भवन, विभिन्न वडा कार्यालय भवनहरु र विभिन्न टोलहरुमा सामुदायिक भवनहरु निर्माण गर्नको लागि रु ४ करोड १० लाख २५ हजार रुपैया विनियोजन गरेको छु ।
- ✓ गाउँपालिको मुख्य सडकको स्तरोन्नती र  गाउँ टोल स्तरमा सडक विस्तार गर्न रु ७ करोड ८६ लाख २५ हजार विनियोजन गरेको छु ।
- ✓ विभिन्न पूर्वाधारहरु विकास गर्न र प्रदेश तथा संघीय सरकारसँग साझेदारीमा कार्यक्रम संचालन गर्न रु. ३ करोड ४१ लाख १ हजार १ सय ६८ रुपैयाँ विनियोजन गरेको छु ।

**ई) वातावरण तथा विपद् व्यवस्थापन**

- ✓ वन वातावरण र विपद् व्यवस्थापन को लागि ५१ लाख रुपैया विनियोजन गरेको छु ।
- ✓ विपद् व्यवस्थापन कोष र विपद् प्रतिकार्य योजना निर्माणको लागि रु ३७ लाख रुपैया विनियोज गरेको छु ।
- ✓ मनकामना वजार क्षेत्रको फोहोर मैला व्यवस्थापनको लागि रु ९ लाख र वन तथा भू-संरक्षण कार्यको लागि रु. ५ लाख विनियोजन भएको यस सभामा जानकारी गराउन चाहन्छु ।

**उ) सुशासन तथा संस्थागत विकास**

- ✓ कार्यालय वाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनको लागि रु २ करोड २३ लाख ५ हजार रुपैया विनियोज गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

यो बजेटको कार्यान्वयन बाट सडकहरुको स्तर वृद्धि, उत्पादन र उत्पादकत्वमा सकारात्मक बृद्धि हुने, थप आय तथा रोजगारीका अवसरमा वृद्धि हुने, गरीबि न्यूनिकरणमा सघाउ पुग्ने र समृद्ध गाउँपालिका निर्माणको आधारशीला खडा हुने विस्वास लिएकोछु ।

**सभाध्यक्ष महोदय,**

बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्य ज्यूहरु, राष्ट्रसेवक कार्मचारीहरु, विज्ञ सल्लाहकार समूह, विभिन्न राजनैतिक दलहरु, नागरिक समाज तथा पत्रकार जगत् ,नीति क्षेत्र र गाउँपालिकाका आम नागरिकबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यबाद ।**

**ईन्दिरा तिवारी**

**उपाध्यक्ष**